# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, फागुन ११ गते २०४९ साल (संख्या ४५

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले आयकर ऐन, (संशोधन सहित) २०३१ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी आयकर दर्ता प्रमाणपत्र लिई नसकेका तथा प्रमाणपत्र लिएता पनि आफ्नो आ.व. २०४४।४५ र सो भन्दा अघिका आ.व. हरू देखिको आय विवरण पेश नगरेका करदाताहरूको कर निर्धारण गर्ने प्रयोजनको लागि खुद आय निर्धारण गराउन देहायबमोजिमको आय निर्धारण समिति गठन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१ समितिको गठन विधिः–

(क) कर विभागको महानिर्देशकले तोकेको अधिकृत– अध्यक्ष

(ख) स्थानीय भन्सार कार्यालयका प्रमुख वा निज नभएको ठाउँमा अन्तःशुल्क कार्यालयको प्रमुख वा निजहरूले तोकेको अधिकृत– सदस्य

(ग) सम्बन्धित कर कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत– सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. समितिलाई प्रदान गरिएको अधिकार:–

(क) आयकर ऐन, २०३१ अनुसार कर अधिकृतलाई भएको अधिकार ।

(ख) आयकर ऐन, २०३१ को दफा १७ (क) अन्तर्गतको साना करदाताको कर निर्धारण गर्ने अधिकार ।

(ग) आयकर ऐन, २०३१ को दफा ५९ (३) अनुसार कर महा-निर्देशकलाई भएको अधिकार ।

(घ) आयकर ऐन, २०३१ को दफा ४६ को खान तलासी गर्ने अधिकार ।

३. समितिको कार्यावधि:–

समितिको कार्यावधि २०५१ साल आषाढ मसान्तसम्म हुनेछ ।

आज्ञाले,
ठाकुरनाथ पन्त
श्री ५ को सरकारको सचिव

## सूचना २

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी भिमा पोखरा युवा क्लव बाग्लुङको सक्रीयतामा कस्मी गा. वि. स. अन्तर्गत वडा नं. ९ मा संचालन हुने खानेपानी योजनामा प्रयोग गर्नको लागि नेपाल पोलिथिन एण्ड प्लाष्टीक इण्डष्ट्रीज प्रा. लि.बाट खरिद गर्ने ११९० मिटर पाईप खरिद गर्न लाग्ने बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीरगन्ज नगरपालिकास्थित घर्राअर्रा पोखरीको उद्यान कम्प्लेक्स भित्र पोखरीमा जडान गरिने सूर्य भगवान्को मूर्ति १०'६" लामो तथा ८'६" चौडा, ६'०" अग्लो करीब१५टन वजन भएको कालो ग्रेनाइट पत्थरको मूर्ति करिब रू. ५,९४,०००।– मा भारतको तिरूपति आन्ध्रप्रदेशबाट ल्याई स्थापना गर्नको लागि उक्त मूर्तिमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेकाले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत

~~८८०~~ ५००



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।